STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख ८ गते बिहीबार ❑ 21 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सत्ता गठबन्धनले टुङ्गो लगायो महानगर र उपमहानगरमा सिट बाँडफाँट

**रासस**
**काठमाडौं, ७ बैशाख**

पाँच दलीय गठबन्धनले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा महानगरपालिका र उपमहानगरपालिकाहरुका प्रमुख र उपप्रमुख पदमा उम्मेदवारको सिट बाँडफाँट टुङ्ग्याएका छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बुधबार बसेको गठबन्धनका शीर्षनेताको बैठकले सो सहमति गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। गठबन्धन दलबीच कांग्रेसले काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकाको प्रमुखमा तथा वीरगञ्ज, भरतपुर र पोखराको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ । यसैगरी कांग्रेसले धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाको प्रमुखमा तथा जितपुर-सिमरा, घोराही र हेटौँडा उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने बैठकको सहमति छ ।

न े क पा (माओवादी केन्द्र)का तर्फबाट भरतपुर महानगरपालिकाको प्रमुखमा र ललितपुर महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ । यस्तै माओवादी केन्द्रले जितपुर-सिमरा र घोराही उपमहानगरपालिकाकोप्रमुखतथाधरान र धनगढी उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ । गठबन्धनको अर्को घटक नेकपा (एकीकृत समाजवादी)ले पोखरा महानगरपालिकाको प्रमुख तथा काठमाडौं महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ ।

एकीकृत समाजवादीले हेटौँडा उपमहानगरपालिकाको प्रमुख तथा इटहरी, बुटवल र तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ । यस्तै जनता समाजवादी पार्टी नेपालले वीरगञ्ज महानगरपालिकाको प्रमुखमा र विराटनगर महानगरपालिकाको उपप्रमुखमा तथा जनकपुर उपमहानगरपालिकाको प्रमुख तथा कलैया र नेपालगञ्ज उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ । पाँचदलीय गठबन्धनले यसअघि जारी गरेको मापदण्ड, सहमतिको मर्म र भावनाअनुरुप सम्बन्धित समितिहरुको बैठक बसी अविलम्ब सिट बाँडफाँट तथा उम्मेदवारहरुको चयन गर्न निर्देश गरेको छ । साथै, सहमति बन्न नसकेको अवस्थामा पाँच दलीय गठबन्धन भित्रै मित्रवत् प्रतिस्पर्धा गर्न सकिनेसमेत समझदारी भएको छ ।

सो सहमतिमा प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचन्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनपाका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गर्नुभएको छ ।

## 'खेलकुदको महत्व बढ्दै गएको छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले आधुनिक संसारमा खेलकुदको महत्व बढ्दै गएको बताउनुभएको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीद्वारा सञ्चालित तीनमहिने सहायक प्रशिक्षक तालिमको समापनमा उहाँले खेलकुदको बढ्दो महत्वलाई दृष्टिगत गरी गण्डकी विश्वविद्यालयको स्थापनासँगै नेपालमा नै पहिलोपटक स्नातक तहमा खेलकुदको पाठ्यक्रमलाई अघि बढाइएको बताउनुभयो ।

प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले प्रशिक्षकबिनाको खेलकुदको कल्पनासमेत गर्न नसकिने बताउनुभयो । उहाँले आधुनिक खेलकुदमा मुढेबल लगाएर खेल जित्छु भन्नु केवल सपनामात्रै भएको बताउनुभयो । दक्ष प्रशिक्षक तयार गर्नका लागि प्रदेश खेलकुद परिषद्को गठन भएसँगै प्रशिक्षण कार्यक्रम अघि बढाइएको उल्लेख गर्दै उहाँले विद्यालयका खेलकुद शिक्षकलाई समेत यस्तै प्रकारको तालिम दिइने जानकारी दिनुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका महाशाखा प्रमुख घनश्याम ढकाल, खेलाडी खड्गबहादुर रानाभाट, लोकतान्त्रिक खेलकुद सङ्घका अध्यक्ष देवेन्द्र शेरचन, तालिम संयोजक कृष्ण तिमिल्सिना, प्रशिक्षार्थीद्वय लेखनाथ लम्साल र अरुणा शाहीले खेलकुदको विकासमा प्रशिक्षणको महत्वलगायत विषयमा आ-आफ्ना धारणा राख्नुभयो । उहाँहरूले पोखरामा हुने नवौं राष्ट्रिय खेलकुद सफल बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

गत पुस ७ गतेदेखि सञ्चालित तालिममा नेपाली सेनाका अधिकृतसहित नौ जिल्लाका ११३ जना सहभागी थिए । तालिममा विभिन्न २० खेलका प्रशिक्षार्थी सहभागी थिए। तालिममा खेलविज्ञ डा प्रकाश प्रधान, प्रा डा रामकृष्ण महर्जन, डा पदम खड्का, डा खड्गसिंह गुरुङ, पार्थसारथी सेन गुप्ता, इन्द्र गुरुङ, रीता प्रजापति, आशिष आचार्य, दिवाकरलाल अमात्य, मधुसुदन सवेदी, सुलोचना सिजाख्वा, डा मनिषकुमार शाह र प्रा पशुपति अधिकारीले प्रशिक्षण दिनुभएको थियो ।

## एन्फा कास्कीको अध्यक्षमा रन्जित निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

कास्की जिल्ला फुटवल संघको ७ औं अधिवेसनले उज्वल रञ्जितको अध्यक्षमा नयाँ कार्यसमिति निर्वाचित भएको छ । बुधबार पोखरामा सम्पन्न भएको उक्त अधिवेसनले आगामी ४ बर्षको लागि रञ्जितको अध्यक्षमा १५ सदस्य समिति निर्वाचित गरेको हो ।

दोश्रो चरणमा भएको मतदानबाट रञ्जितले १४ मत र उनका निकटतम प्रतिद्धन्दी विनोद गुरुङले ७ मत प्राप्त गरेका थिए भने एक भोट नो भोट(खाली) भएको थियो । त्यसै गरी उपाध्यक्षमा जगत बहादुर थापा, नर प्रसाद गुरुङ र सुरेन गुरुङ सर्वसम्वत चयन भएका हुन्। उपाध्यक्षमा आकाक्षि खेमराज बराल (पुष्प) र बिष्णु कुमार गुरुङले अन्तिम समयमा उमेदवार फिर्ता लियर उपाध्यक्ष पद सर्वसम्वत भएको हो ।

त्यसै गरी एक महिला सहित ११ सदस्य सर्वसम्वत रुपमा चयन भएको छ । सदस्यहरुमा शोभा बानिया(महिला), सुनिल गायक, राजेस त्रिपाठी, सन्तोष कार्की, विकास गुरुङ, योगेश गुरुङ, हितमान गुरुङ, विकास गुरुङ, सुविन श्रेष्ठ, ओम गुरुङ, टंक प्रसाद गुरुङ रहेका छन्।

निर्वाचन कमिटिका संयोजकमा अधिवक्ता केशवराज बराल रहनु भएको थियो भने अन्य सदस्यमा अधिवक्ता बाबुराम अर्याल, प्रमिता पराजुली, नेपाल खेलकुद पत्रकार मंच गण्डकीका अध्यक्ष दीननाथ बराल रहेका थिए। यस अघि उक्त कार्यक्रमको उद्घाटन गर्दै एन्फा कास्कीका संस्थापक अध्यक्ष महेश गुरुङले मिलन गुरुङको नेतृत्वले केही राम्रो काम गरेकोले आगामी दिनमा थप प्रभावकारी कार्यक्रम गर्नुपर्ने बताउनु भयो । पोखरामा फुटवलको धेरै सम्भावना भए पनि पछिल्लो समयमा केही सुस्ताएको उहाँले गुनासो समेत गर्नु भयो ।

एन्फा कास्कीका पूर्व अध्यक्ष खेम बहादुर गुरुङले पोखरामा कम्तिमा पनि एक करोड मुल्य बराबरको फुटवल प्रतियोगिता संचालन गर्नुपर्ने बताउनु भयो । हालसम्म करिब ३२ जिल्लामा एन्फाको अधिवेशन सम्पन्न भएको एन्फाका केन्द्रिय उपाध्यक्ष कृष्ण थापाले बताउनु भयो । एन्फा कास्कीका अध्यक्ष मिलन गुरुङले पोखराको फुटवल मैदान आर्टिफिसियल बनाउन केहीले कमिसनको कुरा समेत गरेको खुलसा गरे । आफ्नै जोडबलमा मैदानमा दुवो रोपिएको उहाँको भनाई थियो । कार्यक्रममा महासचिव रमेश कार्की, प्रितम गुरुङ लगायतले वोलेका थिए ।

## पुम्दीकोटमा जारी महायज्ञमा ८४ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

पर्यटकीय क्षेत्र पोखरा २२ को पुम्दीकोटमा जारी महायज्ञमा ८४ लाख रुपैया संकलन भएको छ ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत बुधबारसम्म ८४ लाख रुपैया संकलन भएको महायज्ञका आर्थिक उपसमिति सदस्य भवनराज बरालले बताए। महायज्ञको चौथो दिन करिब ७ लाख रुपैया मात्र संकलन भएको समितिले जनाएको छ । बुधबार महायज्ञमा पोखरा २२ की रमा बरालबाट २ लाख ५१ हजार प्राप्त भएको छ। त्यसै गरी पोखरा २२ कै तोया देवि बरालबाट ५० हजार ५५, स्थानिय लक्ष्मी प्रसाद बरालबाट ५० हजार १ रुपैया प्राप्त भएको आर्थिक उपसमिति सदस्य बरालले बताए । महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन्। पोखराको पार्दी विरौटा (बराल फिड) देखि पुम्दीकोटसम्म जाने बसको व्यबस्था गरिएको समितिका उपाध्यक्ष हिमलाल बरालले बताए । बिहानः ९:३० बजे, १०:०० बजे, १०:५० बजे, ११:२० बजे, १२:०० बजे र १२:४० बजे पोखराको पार्दी देखि बस छुट्ने यातायात व्यबस्थापन उपसमिति संयोजक भानुभक्त बरालले बताए ।

त्यसै गरी पुम्दीकोट देखि पोखरा पार्दीसम्म दिउँसो २:०० बजे, ३:०० बजे, ४:०० बजे र अन्तिम बस ५:०० बजे छुट्ने भएको छ । दाताहरुलाई महायज्ञ स्थलमा पन्चे बाजागाँजा सहित भजन चुड्काको साथमा अभिनन्दन सहित सम्मान गर्ने गरिएको आर्थिक उपसमिति संयोजक डिल्लीराम



बरालले बताए । महायज्ञमा बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म कथा प्रबर्चन, झाँकी प्रर्दशन हुने गरेको उनले जनाए। बिशाल महादेवको मुर्ति परिमार्जीत परियोजना अर्न्तगत सुमेरु पर्वत नामाकरण गरी कुमार, पार्वतीको मुर्ति स्थापना गर्ने, भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म बिद्युतीय चियर कार निर्माण गर्ने, गृनरी पार्क निर्माण गर्ने, व्यबस्थित पार्किङ स्थल निर्माण गर्ने लगायतका परियोजना रहेको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए ।

४० करोडको उक्त परियोजना अर्न्तगत करिब ५० प्रतिशत काम सकिदा करिब २० करोड लगानी भएको उनले जनाए । उक्त महायज्ञमा पोखरा र पोखरा आसपासका आमा समुह तथा विभिन्न संघ संस्थाका पदाधिकारीहरु उत्साहजनक रुपमा सहभागि हुने गरेको समितिले जनाएको छ ।

## पुनः जनतासंग जाने अधिकार छैनः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ बैशाख**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले ५ बर्षमा पोखरामा ल्याण्डफिल्डसाइड समेत बनाउन नसक्ने जनप्रतिनिधि पुनः जनतासंग जाने कुनै अधिकार नभएको बताउनु भएको छ ।




पोखरा ३३ का स्थानियसंगको बुधबार भएको भेटघाट कार्यक्रममा वोल्दै मन्त्री बरालले ५ बर्षको समयमा पोखरामा देखिने गरी केही काम नभएको टिप्पर्ढी गर्दै ल्याण्डफिल्डसाइड समेत बनाउन नसक्ने जनप्रतिनिधिहरु पुनः जनता माझ जान कुनै अधिकार नभएको बताउनु भएको हो ।

गण्डकी प्रदेशको राजधानि पोखरा र पोखरा क्षेत्रको विकासको मुल आधार पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल भएकोले उक्त विमानस्थल निर्माण कार्य अन्तिम चरणमा पुगेकोले अब ल्याण्डफिल्ड साइड नभएका कारण संचालनमा आउन कठिनायी हुने मन्त्री बरालले चिन्ता व्यक्त गर्नु भयो । उहाँले भन्नु भयो "गण्डकी प्रदेशको समृद्धिसंग जोडिएको पोखरा विमानस्थल संचालनमा आउनको लागि ल्याण्डफिल्डसाइड व्यबस्थापन हुनु पहिलो सर्त हो त्यो नभएसम्म संचानमै आउदैन।" पोखराको सेतीनदी कौडीको मुल्यमा ठेक्का दिनु, पोखराका तालहरुको संरक्षण गर्नुको सट्टा अतिक्रमणलाई नियन्त्रण गर्न नसक्नु, पोखरालाई ग्रिन सिटि र स्मार्ट सिटिको हवला दिनेहरु हाल सडकमै अवैध रुपमा पार्किङ शुल्क अशुल्ने गरेको मन्त्री बरालको आरोप थियो ।

राष्ट्रिय भूमि आयोग कास्कीका अध्यक्ष गंगा पोखरेलले विभिन्न वहानामा यस अघि भूमिहिन सुकुम्बासीलाई लालपूर्जा दिन आलटाल गरेकोमा अब भने आफुहरुले वितरण गर्ने दाबी गर्नु भयो । नेकपा माओबादी केन्द्र पोखरा महानगर कमिटिका सचिव जनकराज पराजुलीले केपी शर्मा ओलीको कदम बिरुद्ध हाल गठबन्धन आवश्यक भएको बताउनु भयो ।

जनता समाजबादी पार्टीका केन्द्रिय सदस्य हेम बहादुर थापा (किरण), नेपाली कागेंस क्षेत्र नम्बर २ का सभापति केशर प्रसाद निर्दोश, नेकपा एकिकृत समाजबादी पार्टी पोखरा ३३ का अध्यक्ष प्रमोद आचार्य, माओबादी नेता यज्ञ प्रसाद अधिकारी, माओबादी केन्द्र पोखरा ३३ का अध्यक्ष श्रीभद्र बराल, स्थानिय समाजसेवी डिल्लीराम बराल लगायतले ठुलो सर्घष र बलिदानबाट प्राप्त संविधानको रक्षा गणतन्त्रको कार्यान्वयन गर्न गठबन्धन अझै आवश्यक भएकोमा जोड दिनु भयो ।

# अलौकिक कवि देशभक्त सिंह कुँवरलाई साहित्यिक राष्ट्रनायक उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

अलौकिक कवि देशभक्त सिंह कुँवरलाई साहित्यिक राष्ट्रनायक उपाधिबाट सम्मान गरिएको छ।

चितवनको ग्राण्ड मल्टि इन्टरटेनमेन्ट हाउस प्रालि, भरतपुरले उनलाई एक समारोह आयोजना गरी सो उपाधिबाट सम्मान गरेको हो।

छोटो बसाइँमै साहित्य र संगीतका सिर्जना जति पनि सिर्जित गर्न सक्ने उनको क्षमताको कदर गर्दै उनलाई सो उपाधि प्रदान गरिएको आयोजकले जनाएको छ । बहुआयामिक प्रतिभाका धनी कुँवर गायन, संगीत, साहित्य, संचार लगायतका विविध विधामा सक्रिय छन् । मेघा एफएमका



प्रबन्ध निर्देशक स्रष्टा कुँवर सम्पदा कला मन्दिर, पोखरा वाङ्मय प्रतिष्ठान, मुमताज मल्टिमिडिया, कुँवर राणा गार्डेन सोसाइटी, सिर्जनशील साहित्य परिवारमा हाल अध्यक्ष छन् । २०४८ सालमा रेडियो नेपालको चौतारी कार्यक्रममा गायन प्रस्तुतसँगै सांगीतिक तथा साहित्यिक क्षेत्रमा हात हालेका कुँवरले गिनिज बुक वर्ल्ड द रेकर्डमा समेत नाम लेखाएका छन्। उनले साहित्यकार, नायक, गायक, संगीतकार, गीतकार, निर्देशक, मोडल, संचारउद्यमीको परिचय बनाएका छन् । कला, साहित्य र संगीत क्षेत्रमा पोखरामा क्रियाशील संघसंस्थाले पोखरा १४ निवासी कुँवरलाई ५ वर्ष अघि अलौकिक कविको उपाधि दिएका थिए । उनका हालसम्म साहित्यका दर्जनौं कृति प्रकाशनमा छन् भने २ सय ५० गीतमा स्वर तथा संगीत दिएका छन् । साथै १ सय बढी कृति प्रकाशोन्मुख छन् ।

# स्याङ्जाको वालिङमा 'कोसेली घर'

प्रकाश डोटेल
स्याङ्जा, ७ बैशाख

स्याङ्जाको वालिङ नगरपालिकाले स्थानीयस्तरमा उत्पादन भएका वस्तुहरुको बजारीकरणमा सहज हुने भन्दै कोसेली घर निर्माण गरी सञ्चालनमा ल्याएको छ। नगरभित्र उत्पादित स्थानीय वस्तुहरुको प्रचारप्रसार तथा बजारीकरणमा सहयोग गर्ने उद्देश्यले नगर परिसरमै कोसेली घर निर्माण गरी सञ्चालनमा ल्याएको हो।

वालिङ नगरपालिकाभित्र उद्यमशीलताको विकास गर्ने योजनासहित नीति तथा कार्यक्रम बनाईएको नगर प्रमुख दिलिपप्रताप खाँणले बताए। "स्थानीय स्रोत र साधनलाई अधिकतम प्रयोग गरी निर्माण गरिएका तानका कपडा, स्वीटर, गरगहना, उपहार, अन्य हस्तकलाका सामग्रीहरु कोसेली घरमा राखेका छौं।" उनले भने, "स्थानीयस्तरमा उत्पादन भएका सामग्रीहरुको प्रचारप्रसार र बजारीकरणमा कोसेली घरले




महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरेका छौं।" वालिङ नगरपालिकाभित्र उद्यमशीलताको विकास गर्ने क्रममा खाद्य तथा तरकारी र मासुजन्य उत्पादनलाई व्यवस्थित गर्नका लागि वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थालाई जिम्मा दिएर काम गरिएको नगरपालिकाले जनाएको छ । सामूहिक वा व्यक्तिगत रुपमा स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी सामग्री उत्पादनमा जोड दिन नगरपालिकाले सहयोग गर्दै आएको छ। नगरभित्र सामूहिक वा ब्यक्तिगत रुपमा स्थानीय स्रोत र साधनको उपयोग गरी हस्तकलाका सामग्रीहरु उत्पादन र व्यवसायीकरणमा नगरपालिकाले जोड दिदै आएको छ।सामूहिक वा ब्यक्तिगत रुपमा उत्पादन भएका सामग्रीहरुको प्रचारप्रसार र बजारीकरणमा ध्यान दिन नगरपालिकाले कोसेली घर निर्माण गरेको हो । विशेष गरी कोशेली घरका माध्यामबाट नगरपालिकाभित्र उत्पादन हुने सामग्री, र उपभोग गर्ने उपभोक्ताबीचमा समन्वयकारी भूमिकामा निर्वाह गर्न सकिने नगरपालिकाले विश्वास लिएको छ । पारदर्शी सिसाबाट निर्मित कोसेली घरमा उत्पादन गर्ने संस्था वा ब्यक्तिको नाम, सम्पर्क नं., वस्तुको मुल्य देखिने गरी राखिएको छ । उत्पादक र उपभोक्ताबीचमा समन्वयकारी भूमिका खेलेर नगरपालिकाले दुई पक्षलाई जोडिदिने काम गरेको स्थानीय हस्तकला उद्योगीहरुले बताएका छन्।स्थानीय उत्पादकहरुले उत्पादन गरेको सामग्री कोसेली घरमा राखेर नगरपालिकाले प्रचारप्रसारसँगै बजारीकरणका लागि निक्कै राम्रो काम गरेको व्यवसायीले बताए । उनीहरुका अनुसार बजारीकरणले आगामी दिनमा नयाँ नयाँ सामग्रीहरु उत्पादन गर्ने तर्फ हौसला मिल्ने छ।स्थानीय बासिन्दा र अन्यत्रबाट नगरपालिका अवलोकनलमा आउने आगन्तुकले नगरपालिका परिसरमा निर्माण गरिएको कोसेली घरमा राखिएका सामग्रीहरुको अवलोकन गर्ने र मन परेका सामग्रीहरु सहवजै खरिद गरेर लैजान सक्ने व्यवस्था मिलाईएको छ।

# गुप्तेश्वर महादेव कप प्रथम नाइन ए साइड फुटवल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

पोखरामा विहिबार देखि गुप्तेश्वर महादेव कप प्रथम नाइन ए साइड फुटवल प्रतियोगिता हुने भएको छ।

पोखरा १७ छोरेपाटनमा रहेको डेबिडफल्स क्लबको आयोजनामा विहिबारदेखि छोरेपाटनकै तिव्वतिय क्याम्पको खेल मैदानमा उक्त प्रतियोगिता सुरु हुने भएको क्लवका अध्यक्ष पुष्प बरालले बताए। वैशाख १२ गतेसम्म चल्ने प्रतियोगितामा २० टिमको सहभागिता रहेको उनले जनाए । प्रतियोगितामा विजेता हुने टोलीले एक लाख र उपविजेता हुनेले ५० हजारको साथमा ट्रफि मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने भएको छ। क्लबले हाल ५ देखि १३ बर्ष उमेर समुहका बालबालिकाको लागि फुटवल एकेडेमी समेत संचालन गरेको अध्यक्ष बरालले जनाए। हाल करिब ५० जना बालबालिकाहरुलाई वेद बहादुर थापाले प्रशिक्षण गराउने गरेको उनले बताए। फुटवल खेलको विकास संगै खेलाडी उत्पादन गर्ने उद्धेश्यले उक्त प्रतियोगिता पहिलो पटक आयोजनाको तयारी गएिको क्लबले जनाएको छ।

# सिलाइ तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

महिलाहरुलाई स्वरोजगार बनाउन बुधबारबाट पोखरामा ३८० घण्टे सहायक सिलाइ तालिम सुरु भएको छ।

तालिममा २० जना महिलाहरुको सहभागिता रहेको छ । गण्डकी बहुप्राविधिक शिक्षालयले पोखरा उद्योग वीणज्य संघ र बुटिक एसोसियसन कास्कीसँगको समन्वयमा सो तालिमको आयोजना गरेको हो। तालिमको सुरुवात गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले स्वरोजगार हुनु भनेको आत्मनिर्भर हुनुमात्र नभएर अरुलाई रोजगारी दिने सम्भावनाको सुरुवात भएको बताए । पोखरा महानगरद्धारा



संचालित गण्डकी बहुप्राविधिक शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले व्यवसायीहरुले करबापत् तिरेको पैसालाई महानगरले तालिममा खर्च गर्दै रोजगार सिर्जना गर्न लागेको बताए।

उनले शिक्षालयले हालसम्म तालिम २२० जनामध्ये १८० जनाले रोजगारी पाएको जिकिर गर्दै तालिममा बच्चाको भोटोदेखि १५ थरीका कपडा सिलाउन सिकाइने जानकारी दिए । पोखरा उद्योग वाणिज्य संघकी महिला उद्यमी विकास उपसमितिकी संयोजक कुमारी मुना बास्तोलाले महिला उद्यमशीलता विकासमा तालिम फलदायी हुने विश्वास व्यक्त गरिन् । बुटिक एसोसियसन कास्कीकी अध्यक्ष शान्ति श्रीसको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव स्वेता भट्टराईले गरेकी थिइन्। तालिमको प्रमुख प्रशिक्षक गण्डकी बहुप्राविधिक विश्वविद्यालयकी मञ्जु देवकोटा रहेकी छन्।

# युनाईटेड क्लवको १२ औ वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

पर्यटकीय शहर पोखरामा खुल्ला चिडियाखान निर्माणको अवधारणा बोकेर वि. सं २०६७ सालदेखी पोखराको अमरसिंह चौरमा पोखरा महोत्सवको आयोजना गर्दै आएको युनाईटेड क्लव वैशाख ७ गतेदेखि १२ औं वर्षमा प्रवेश गरेको छ।

पोखरामा नया पर्यटकीय गन्तब्य खुल्ला चिडियाखाना निर्माणको अवधारणा अगाडी सारेर हिडेको युनाईटेड क्लवको पहलमा पोखरामा खुल्ला चिडियाखान निर्माण समेत सुरु भइसकेको छ। पोखराको लेखनाथ स्थित पचभैया क्षेत्रमा युनाईटेड क्लवको पहलमा त्यहाका विभिन्न सामुदायिक बनहरुलाई समेटेर चिडियाखाना निर्माण जारी रहेको छ । हाल उक्त चिडियाखानाको निर्माणको जिम्मा गण्डकी प्रदेश सरकार अन्तर्गत रहेर जिल्ला बन कार्यालयलाई दिइएको छ । चिडियाखानामात्र नभई स्थापना कालदेखीनै शिक्षा, स्वास्थ्य खेलकुद, दैवी प्रकोपमा परेकालाई सहयोग र सेती नदी संरक्षणमा क्लवले काम गर्दै आइरहेको छ। यस अघिपनि युनाईटेड क्लवले सेती नदी संरक्षणकै लागी लाखौ रकम खर्च गरिसेको छ। क्लवले हाल सम्म चिडियाखाना



निर्माणको लागी पोखरा महोत्सवकै आयोजना गरी ५८ लाख ८० हजार नगद रकम खर्च गरिसकेको छनभने सेती नदीको सेती पुलमुनीको खोंच सरसफाइ र उक्त क्षेत्रमा फोहोर नहोस र दुर्घटना हुंदा सजिलै पत्ता लगाउनका लागी सीसी क्यामेरा समेत जडान गरेर ६ लाख वढी रकम खर्च गरिसकेको छ।

क्लवको पहलकदमीमा चिडियाखानाले पूर्णता पाउदै गर्दा अवको मुख्य उद्देश्य सेती खोंचमा साहसीक पर्यटकीय गन्तब्य निर्माणका लागी पहलकदमी थालेर अगाडी वढ्ने युनाईटेड क्लवका संस्थापक अध्यक्ष हिमालय बखेलले वताए। क्लवले १२ औं वार्षिकोत्सवमा आयोजना गरेको कार्यक्रममा वोल्दै संस्थापक अध्यक्ष बखेलले युनाईटेड क्लवले स्थापना कालदेखी उठाउदै आएको चिडियाखाना निर्माणको स्वामित्व अव प्रदेश सरकारले ग्रहण गरिसकेकाले चिडियाखाना निर्माण हुनेमा आफुहरु ढुक्क रहेकाले क्लवले अव चिडियाखानालाई थाती राखेर पोखराको बीच भागबाट बग्ने सेती नदीलाई एक शाहसीक पर्यटकीय गन्तब्य निर्माण गर्नका लागी पहलकदमी थालिसकेको समेत वताए।

त्यसो त क्लवका निवर्तमान अध्यक्ष लालकाजी गुरुङले युनाईटेड क्लवले कोरोना महामारीका कारण स्थापना कालदेखीनै पोखरामा महोत्सवको आयोजना गर्दै आइरहेको भएतापनि अघिल्लो वर्षदेखि महोत्सवको आयोजना गर्न नसक्दा सोचेजस्तो रुपमा सामाजिक क्रियाकलापमा खर्च गर्न नसकेको वताए । क्लवले महोत्सव आयोजना गरेर आजको दिन सम्म शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन, सेती नदी संरक्षण र दैवी प्रकोपमा खर्च गर्दै आइरहेको र अघिल्लो वर्ष लेखनाथमा ५ रोपनी जग्गा किनेर शिक्षा सम्वन्धी काम गर्नका लागी गुरुयोजना समेत अगाडी वढाइरहदा कोरोनाले गर्दा उक्त काम थाती रहेकाले अवका दिनमा त्यसलाई समेत निरन्तरता दिएर समाजमा विपन्न अवस्थाका परिवारका वालवालिकाका लागी प्राविधिक शिक्षा सञ्चालन गर्ने आफुहरुको उद्देश्य रहेको वताए।

क्लवका सल्लाहकार लिलाधर अधिकारीले युनाइटेड क्लवले युवाहरुलाई सत्मार्गमा लाग्न अभिप्रेरित गरेको वताए । युनाइटेड क्लवका सल्लाहकार तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका सिनेटर तीर्थलाल श्रेष्ठले युनाईटेड क्लवको सहयोगबाट प्रदान भएको डस्विनका कारण स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सरसरफाईमा नया आयाम थपिएको वताए। क्लवले आयोजना गर्ने स्वास्थ्य शिविरमा चिकित्सकको व्यवस्था गर्ने समेत उनले प्रतिवद्धता जनाए।

युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व अध्यक्ष सुक बहादुर गुरुङ लगायतले वोलेका थिएभने क्लवको महासचिव शान्त बहादुर थापाले सञ्चालन गरेको कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गण्डकी प्रदेशका सम्पदा सूचीकृत गर्न आग्रह

-जमुना वर्षा शर्मा

पोखरा, ७ बैशाख (रासस)

गण्डकी प्रदेशका प्राकृतिक सम्पदाहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीले आग्रह गरेको छ ।

विश्व सम्पदा दिवसको अवसरमा नाट्टा गण्डकीले प्रदेशमा रहेका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक पुरातात्विक महत्व बोकेका स्थल पहिचान र संरक्षणका लागि सरोकारवालाबीच छलफल गर्दै युनेस्कोको लिष्टमा भएका सम्पदालाई सूचीकृत गर्दै थप सम्पदाको खोजीका लागि आग्रह गरेको हो ।

कार्यक्रममा पुरातत्व विभाग सम्पदा संरक्षण शाखाका प्रमुख रमेशराज पौडेलले गण्डकी प्रदेशमा कैयौं प्राकृतिक सांस्कृतिक एवम् ऐतिहासिक सम्पदा रहेकाले ती सबैको पहिचान र संरक्षणको आवश्यकता औंल्याउनुभयो । उहाँले सम्पदा कुनै पनि देशको विशेष सम्पत्ति भएकाले यसको संरक्षण र सम्वर्द्धनमा सरकारसँगै नागरिकको पनि उत्तिकै चासो र अग्रसरता आवश्यक हुनेमा जोड दिनुभयो । उहाँका अनुसार हालसम्म विश्वसम्पदा सूचीमा आठ वटा सांस्कृतिक र दुई वटा प्राकृतिक गरी १० वटा सम्पदा सूचीकृत छन् । त्यसैगरी युनेस्कोले नेपालमा १५ वटा सांस्कृतिक सम्पदालाई 'टेन्टेटिभ लिष्ट'मा राखेको छ । त्यसमा गण्डकी प्रदेशअन्तर्गत मुस्ताङको मुक्तिनाथ उपत्यकाको गुफा वास्तुकला, गोरखास्थित मध्यकालीन दरबार क्षेत्र र लोमान्थाङ वालसिटी रहेका छन् । यसका अतिरिक्त गण्डकी प्रदेशका लमजुङ, तनहुँ, पर्वत, बागलुङलगायतका जिल्लामा ऐतिहासिक धार्मिक, सांस्कृतिक महत्वका स्थल रहेका र ती क्षेत्र उत्खनन र संरक्षणको प्रयास भइरहेको प्रमुख पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सम्पदाका रुपमा अभिलेख गर्न पुराना संरचना नमासिएको र उस्तै स्वरुप झल्कने हुनुपर्दछ तर सम्पदाको महत्व बुझ्न नसक्दा मासिने, अतिक्रमण हुने, स्वरुप परिवर्तन हुने क्रम बढ्दै जाँदा सम्पदाको अस्तित्व हराउन पुगेको छ ।"

प्राध्यापक डा नारायणप्रसाद अधिकारीले कालीगण्डकी नदीको सभ्यताको महत्व दर्शाउँदै सम्पदाको रुपमा सूचीकृत गर्नुपर्नेमा जोड दिनुभयो । कालीगण्डकी सभ्यता आस्था र भावनाको धरोहरसँगै यहाँ पाइने शालिग्राम, जीवाशेषका प्रमाणले पनि जीवको सृष्टि यहीँबाट भएको हो भन्ने पुष्टि हुने भएकाले यो सम्पदाको सूचीकृत गर्नुपर्ने उहाँको भनाइ थियो ।

शालिग्राम दिन प्रतिदिन चोरी निकासी हुँदै गएको जनाउँदै समयमै यसको अध्ययन अनुसन्धानसहित सूचीकृततर्फ ध्यान दिन उहाँको आग्रह गर्नुभयो । त्यसैगरी दामोदर कुण्ड भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक हिसाबले महत्व पाएको स्थान भएकाले पनि विश्व सम्पदा सूचीमा सूचीकृतका लागि पहल गर्नुपर्ने उहाँको भनाइ छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले विश्वका पर्यटक ऐतिहासिक, सांस्कृतिक प्राकृतिक सम्पदाको अवलोकनका लागि नेपाल आउने भएकाले आ-आफ्नो क्षेत्रमा रहेका सम्पदाको खोजी र संरक्षणमा महत्वपूर्ण हुने बताउनुभयो । नाट्टा गण्डकीले आफ्नो प्रदेशको सम्पदाको खोजी र सूचीकृतका लागि देखाएको चासो प्रशंसनीय रहेको जनाउँदै सम्पदा संरक्षणमा परिषद्ले पनि हातेमालो गरेर अघि बढ्ने उहाँले बताउनुभयो ।

नाट्टा गण्डकीका निवर्तमान अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रदेशका सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक धार्मिक, भौगोलिक महत्व राख्ने सम्पदाको खोजी गरेर गण्डकी प्रदेशलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने धारणा राख्नुभयो । फेवाताल अतिक्रमण बढ्दै गएको तर्फ सङ्केत गर्दै उहाँले आउने पुस्ताले फेवाताललाई कुन स्वरुपमा देख्ने हुन् भन्ने विषयमा अहिले नै चिन्तन आवश्यक छ भन्नुभयो ।

# चित्रेभञ्ज्याङ-पोखरा सम्पर्क मञ्च, कास्कीको भित्तेपात्रो विमोचित

पोखरापत्र संवाददाता

पोखरा, ७ बैशाख



स्याङ्जा जिल्ला हरिनाश गाउँपालिका वडा नं. ४ (साविक चित्रेभञ्ज्याङ गाउँ विकास समिति) स्थायी घर भई पोखरामा स्थायी वा अस्थाई रुपमा बसोबास गर्ने चित्रेभञ्ज्याङवासीहरुको साझा संस्था चित्रेभञ्ज्याङ-पोखरा सम्पर्क मञ्च, कास्कीद्वारा प्रकाशित नव वर्ष २०७९ को भित्तेपात्रोको विमोचन तथा नव बर्ष २०७९ सालको शुभकामना आदान प्रदान कार्यक्रम बुधबार सम्पन्न गरेको छ ।

मञ्चका अध्यक्ष क्या. नरेश थापाको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएकोछ । कार्यक्रममा संस्थाका सल्लाहकार ओमबहादुर थापा, सल्लाहकार सुबेदार होमबहादुर थापा, कोषाध्यक्ष रीमबहादुर राना, सदस्य कर्णबहादुर मानन्धर, सदस्य चन्द्रकला थापा आदिले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । भित्तेपात्रो विमोचन कार्यक्रममा संस्थाका सचिव बुद्धिराम लम्सालले स्वागत मन्तब्य ब्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन सह-सचिव रुद्र सन्देश मगरले गरेका थिए ।

भित्तेपात्रो विमोचन तथा नव वर्षको शुभकामना आदान प्रदान कार्यक्रम पश्चात बसेको कार्य समितिको बैठकले २०७९ भाद्र महिनामा १४ औं बार्षिक साधारण सभा तथा छैठौं अधिवेशन सम्पन्न गर्ने निर्णय समेत गरेकोछ ।

# म्याग्दीमा सत्ता गठबन्धनबीच चुनावी तालमेल गर्न सकस

पोखरापत्र संवाददाता

म्याग्दी, ७ बैशाख

सत्तारुढ गठबन्धनले आफूले जितेको ठाउँ सुरक्षित गर्न र अरु दलले जितेको पालिकाको नेतृत्व हत्याउने प्रयासमा छन् ।

सत्तारुढ गठबन्धनले आन्तरिक कलह मिलाउन भने सकिरहेका छैनन् । केन्द्र र प्रदेशबाट गठबन्धनबीच तालमेल गरेर चुनावमा जाने निर्णय भए पनि स्थानीय तहमा दलहरूका आ-आफ्नै दाबी र अडान छन् । फलस्वरुप गठबन्धन दललाई स्थानीय तहको भागबण्डा टुङ्गो लगाउन सकस भइरहेको छ ।

चुनावमा तालमेल गरेर जाने सैद्धान्तिक सहमति गरेका सत्ता साझेदार दलहरूका बीच म्याग्दीमा सहमति जुट्न नसकेपछि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले आआफ्नो पार्टीबाट उम्मेदवार छनोट गरेर चुनावी अभियानसमेत सुरु गरिसकेका छन् । निर्वाचन आउन अब २३ दिन मात्र बाँकी रहँदा स्थानीय तह बाँडफाँटमा सहमति जुट्न नसकेपछि सत्ता साझेदार दलहरूका नेताहरूले सामाजिक सञ्जालमा असन्तुष्टि व्यक्त गर्न थालेका छन् । सत्ता गठबन्धनमा आबद्ध दलका नेताहरू तीन पटक बैठक बसेर छलफल गर्दा पनि कुन स्थानीय तहमा कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा सहमति जुट्न सकेको छैनु । सत्ता गठबन्धनमा आबद्ध मुख्य दल नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बीच भागबण्डामा कुरा नमिलेपछि नेताहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि व्यक्त गर्न थालेका छन् । पटक पटक बैठक बसेपनि उनीहरू निष्कर्षमा पुग्न सकेका छैनन् ।

बैठक निष्कर्षविहीन भएपछि दलहरूले चुनावको आ-आफ्नो तयारी थालेका छन् भने सामाजिक सञ्जालमा अभिव्यक्ति सार्वजनिक गरेर नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादीले कांग्रेसलाई दबाब सिर्जना गर्न खोजेको देखिन्छ ।

# धार्मिक पर्यटकको रोजाइ बन्यो बागलुङ

-खेमराज गौतम

बागलुङ, ७ बैशाख (रासस)

यतिबेला मुस्ताङको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ जाने धार्मिक पर्यटकको लहरै चलेको छ । केही वर्ष अघि सरासर मुक्तिनाथ पुगेर फर्कने भारतीय तथा आन्तरिक पर्यटकले बसाइँ लम्ब्याउन थालेका छन् । उनीहरूले मुक्तिनाथ पछिको दोस्रो रोजाइ बागलुङमा पर्न थालेको बताएका छन् ।

अहिले बागलुङको कालिका मन्दिर, विश्वकै लामो झोलुङ्गे पुल, पञ्चकोट र शालग्राम सङ्ग्रहालयमा आउने धार्मिक पर्यटकमध्ये मुक्तिनाथ दर्शन गर्न आएको पाइएको छ । अहिले पञ्चकोट, कालिका मन्दिरलगायतका धार्मिक क्षेत्रमा मुक्तिनाथ दर्शन लेखेका सवारी साधन प्रशस्त देखिन्छन् । बागलुङको प्रवेशद्वारमै रहेको बागलुङ कालिका, विश्वको लामो झोलुङ्गे पुल, पञ्चकोट, शालग्राम सङ्ग्रहालय, ढोरपाटन, रिगातालगायतको क्षेत्रमा पनि अहिले पर्यटकको चाप देखिन्छ । बागलुङमा चैतेदसैं र नयाँ वर्षपछि यहाँ पर्यटकको चाप निकै रहेको पाइएको छ । बागलुङमा अहिलेसम्मकै धेरै पर्यटक आएको पर्यटन व्यवसायीको दाबी छ । टिकटक तथा फेसबुकका कारण पञ्चकोट, शालग्राम, लामोपुल र कालिका मन्दिर आउने पर्यटकको चाप बढी भएको हो । बागलुङमा आएको व्यवसायी बताउँछन् । "केही दिन अगाडि मात्रै चैतेदसैं सकियो । नयाँ वर्षपछि बागलुङमा अत्यधिक पर्यटकको आगमन भएको छ । बागलुङमा खासगरी मुस्ताङको मुक्तिनाथ, म्याग्दीको गलेश्वरमा पुग्ने तीर्थयात्रु पनि बागलुङ आउन थालेका छन् । पर्यटकको आगमनले कालिका मन्दिर, लामो झोलुङ्गे पुल र बाङ्गेचौर क्षेत्र पर्यटक र सवारी साधनले भरिएको पाइन्छ । विश्वको लामो दाबी गरिएको झोलुङ्गे पुल, पञ्चकोटलगायतका क्षेत्र फेसबुक, टिकटकलगायत विभिन्न सामाजिक सञ्जालमा प्रचारप्रसार हुँदा धेरै पर्यटक बागलुङ आएको समेत पाइन्छ । रुपन्देहीको तिलोत्तमादेखि घुम्न आउनु भएका विशाल सिलवालले टिकटकमा लामो पुल देखेपछि आफू प्रत्यक्ष पुल हेर्न आएको बताउनुभयो । "यो लामो पुलको भिडियो टिकटकमा धेरै देखेको थिएँ, भिडियो हेरेपछि यहाँ आउने उत्सुक्ता जाग्यो, रातको समयमा झनै आकर्षण हुँदो रहेछ यो पुलको", उहाँले भन्नुभयो, "यहाँ आएको बेला कालिका माताको पनि दर्शन गरियो, त्यहाँ माथि पञ्चकोट पनि छ रे, त्यहाँसम्म पुग्ने योजना पनि छ, त्यसपछि बञ्जीमा गएर फर्किनुपर्ला ।"

त्यस्तै सैनामैनादेखि आउनुभएका नितेश रिजालले बागलुङ कालिकामा पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास भएको हुँदा यहाँ पूजा गर्नका लागि आएको बताउनुभयो । आफ्नो पाँच जनाको परिवारसहित बागलुङ आउनुभएका रिजालले कालिकासहित बागलुङ बजार वरपर रहेका अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रसमेत घुमेर जाने बताउनुभयो । मुस्ताङको मुक्तिनाथमा पुग्ने पर्यटक बागलुङ आउन थाल्दा यहाँ बढी चहलपहल भएको पाइएको छ । केही समय अगाडिसम्म मालढुङ्गा हुँदै मुक्तिनाथ पुग्ने पर्यटक बागलुङमा एकदमै कम मात्रामा आउने गरेको थियो । तर अहिले बढी नै आउन थालेका छन् । भारतबाट मुस्ताङ घुम्न आउनु भएका आदिम हुसेनले बागलुङको बारेमा धेरै सुनेको र मुस्ताङबाट फर्किंदा यहाँ पसेको बताउनुभयो ।

उहाँले यहाँको कालिका मन्दिर भारतमा पनि चर्चित रहेको भन्दै यसको दर्शन गर्ने आफ्नो लामो समयको इच्छा पूरा भएको बताउनुभयो । हुसेनले बागलुङ कालिकामा आएको समयमा लामो पुल पनि तर्ने अवसर पाएको बताउनुभयो । बागलुङ र पर्वत जिल्लाको बीचमा रहेको कालीगण्डकी नदीमाथि रहेको बञ्जी पुलमा समेत पर्यटक आउन थालेपछि यहाँका होटलमा चहलपहल बढ्न थालेको होटल तथा रेष्टुराँ व्यवसायी सङ्घले जनाएको छ । सङ्घका अनुसार थलिएको पर्यटन व्यवसाय विस्तारै उठ्न थालेको छ भने होटलमा पाहुना समेत आउन थालेका छन्, त्यसैले यहाँका होटल व्यवसायीमा आशा पलाएको छ । पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्य पहिचान र प्रवर्द्धन भएपछि निकै राम्रो भएको छ ।

पछिल्लो समय बेलढुङ्गा, हाँडीकोट, मूर्तिकला, चमेरे गुफा, गाईघाट झरना र सहस्रधारा झरनामा पुनः चहलपहल सुरु भइरहेको छ । विश्वकै लामो पुल 'गण्डकी गोल्डेन वृज'मा अहिले आन्तरिक पर्यटकको भीड नै लाग्ने गरेको छ भने कालिका मन्दिरमा मङ्गलबार र शनिबार भक्तजनको चाप बढ्दै गएको छ । चैते दसैं सम्पन्न भएको भएको र मुस्ताङको मुक्तिनाथ जाने भारतीय पर्यटकसमेत मुक्तिनाथपछिको दोस्रो गन्तव्य बागलुङलाई मानेर यहाँ आउने गरेकाले रौनक बढेको बताइएको छ । चैत दोस्रो सातादेखि बागलुङका अधिकांश ठूला होटल भरिभराउ भएको होटल व्यवसायी सङ्घले जनाएको छ ।

# किसानलाई अनुदानमा चल्ला, गाईभैंसीको बीमा

पोखरापत्र संवाददाता

बागलुङ, ७ बैशाख (रासस)

वडाको अनुदानबाट यहाँका किसानले पशुपक्षीपालनमा लाभ उठाएका छन् । बागलुङ नगरपालिका-३ ले वडाभित्रका ३३४ किसानलाई ५० प्रतिशत अनुदानमा कुखुराका चल्ला बाँडेको हो ।

वडास्तरीय कृषि समितिका अध्यक्ष बैकुण्ठ सापकोटाले स्थानीय जातका तीन हजार चल्ला वितरण गरिएको बताउनुभयो । एक सय पर्ने चल्लालाई किसानले रु ५० तिरेका थिए भने समितिमार्फत वडाले रु ५० अनुदान दिएको थियो । "एक जनाले आठदेखि १२ वटासम्म चल्ला पाउनुभएको छ, कुखुरापालनमा किसानलाई व्यावसायउन्मुख बनाउन अनुदान उपलब्ध गराइएको हो", अध्यक्ष सापकोटाले भन्नुभयो । अनुदानमा वडाको रु एक लाख ५० हजार खर्च भएको छ ।

समितिले गाउँटोलसम्मै पुगेर किसानलाई चल्ला बाँडेको थियो । वडामा ठूलो लगानीमा स्थानीय जातका कुखुराको व्यावसाय गरिरहेका किसान पनि छन् । अध्यक्ष सापकोटा आफैं पनि व्यावसायिक कुखुरापालक हुनुहुन्छ । समितिले अनुदानमा चल्ला वितरणसँगै वडाका १३२ गाईभैंसीको बीमाका लागि किसानलाई सघाएको छ । "वडाका अधिकांश किसानले पशु बीमा गर्नुभएको छ, रु एक करोड ७२ लाख बराबरको बीमा गरिएको छ", उहाँले भन्नुभयो ।

एउटा भैंसीको अधिकतम् रु एक लाख १५ हजारसम्म मोल गरी बीमा गरिएको छ । गाईभैंसीको निर्धारित मूल्यको ८० प्रतिशत बीमा सरकारले र बाँकी २० प्रतिशतमा आधाआधा गरी समिति र किसानले तिरेका छन् । वडाको बजेटमध्ये पुश बीमामा रु ६८ हजार खर्च भएको समितिले जनाएको छ । त्यति नै रकम किसानले पनि हालेका छन् । कुनै बीमा रकममा किसानले वर्षेनी आफ्नो दायित्ववापतको पैसा तिर्नेछन् । वडाले आउँदो वर्षमा पनि बीमा कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

एउटै भैंसीको मृत्यु भए किसानलाई झण्डै रु एक लाख क्षति हुने हुँदा बीमाले त्यसको जोखिम घटाउने समितिको भनाइ छ । व्यावसायिकरूपमा पशुपक्षीपालनका लागि वित्तीय संस्थाबाट ऋण लिंदा पनि बैंकहरूले बीमा खोज्ने गरेको किसान बताउँछन् ।

सरकारले कृषि तथा पशुबीमा कार्यक्रम ल्याएपछि व्यावसायिक 'फार्म'हरूलाई बढी टेवा पुगेको छ । कुनै कारणले व्यवसायमा क्षति पुगेमा बीमाबाट सोको क्षतिपूर्ति मिल्छ ।


Regd.No 181/051/12/21

Social Welfare Council Regd. No:13967

## महिला सीप विकास संस्था

## Women's Skills Development Organization

सिमलचौर-८, पोखरा

Tel : 061-534025 Email : wsdopkr@gmail.com, Website: www.wsdonepal.com

## सिलवन्दी कोटेशन पेश गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०१/०८**

**गण्डकी प्रदेश, पूर्वाधार कार्यालय कास्कीबाट सांसद विकास कार्यक्रम अन्तरगत स्वीकृत योजना अनुरुप निम्नानुसारको मेशिन, औजार र कम्प्युटर सामान खरिद गर्नु पर्ने हुँदा स्वीकृत प्राप्त व्यवसायीक फर्मले निम्न शर्तको अधिनमा रहि निम्न समयभित्र सिलवन्दी कोटेशन पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।**

**सामाग्री विवरण मेशिन औजार:**

1. Washing Machine (Samsung WW12TP94DSX/SP 12kg)
2. Dryer IFB 5.5 k.G
3. Steam Iron Philips Garment steamer GC558
4. Steam Iron Philips Garment Steamer GC514

**कम्प्यूटर:**

1. Laptop (Dell core i7 8GB RAM 512 GB SSD Window 10 2GB Graphic 360 touch Backlit Keyboard
2. Laptop Acer NITRO 515/ 10th /8GB /256/4GB RTX 3050/15.6

**शर्तहरु:**

१) कोटेशन पेश गर्ने अन्तिम मिति २०७९/०१/१४ दिउसो १ बजे सम्म

२) कोटेशन खुल्ने मिति र स्थान २०७९/०१/१४ संस्थाको अफिसमा दिउसो ३ बजे सम्म

३) फाराम खरिद गर्ने अन्तिम मिति २०७९/०१/१३ संस्थाको अफिसमा दिउसो ४:०० बजे सम्म

४) फाराम पाउने स्थान संस्थाको अफिस सिमलचौर चौतारामार्ग पोखरा-८

५) फाराम शुल्क रु १००० (फिर्ता नहुने) Electronics आईटम र Computer आईटमको अलग अलग वा संयुक्त फाराम खरिद तथा दर्ता गर्न सकिनेछ ।

६) कोटेशन साथमा पेश गर्नु पर्ने
- क. व्यवसाय दर्ता प्रमाण पत्र
- ख. मु.अ कर दर्ता प्रमाण पत्र
- ग. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र

७) कोटेशन स्वीकृत हुने नहुने अधिकार संस्थामा रहनेछ ।

८) Specification सहित कोटेशन फारम संस्थाबाट खरिद गर्नु पर्नेछ ।

९) थप जानकारीका लागि संस्थामा सम्पर्क गर्नुपर्नेछ ।

१०) सूचनामा नखुलेका कुरा प्रचलित खरिद ऐन नियम वमोजिम हुनेछ ।
(तोकिएका दिनहरुमा सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट भन्ने बुझ्नुपर्नेछ ।)

**कार्यकारी निर्देशक**
**रामकली खड्का**